सुनापति गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक

कार्यपालिका बैठक संख्या: १५

आ.व.:२०८२/०८३

मिति: २०८३ जेठ १०, आइतबार

समय: बिहान ८:०० बजे

स्थान: सुनापति गाउँपालिका, कार्यपालिका बैठक कक्ष

आज मिति २०८३ साल जेठ १० गते आइतबारका दिन सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुलोकान्छा तामाङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णय गरियो।

<u>उपस्थिति:</u>

| | |
|---|---|
| १. श्री ठुलोकान्छा तामाङ | अध्यक्ष |
| २. श्री गीता बिष्ट | उपाध्यक्ष |
| ३. श्री ध्रुव प्रसाद चौलागाई | सदस्य |
| ४. श्री पदम बहादुर थापा | सदस्य |
| ५. श्री कुल बहादुर थिङ | सदस्य |
| ६. श्री डण्डुप लामा | सदस्य |
| ७. श्री चित्र बहादुर मानन्धर | सदस्य |
| ८. श्री रिता कामी धमला | सदस्य |
| ९. श्री अविना लामा | सदस्य |
| १०. श्री सुनमाया तामाङ | सदस्य |
| ११. श्री हरि माया श्रेष्ठ | सदस्य |
| १२. श्री टासी लामा | सदस्य |
| १३. श्री मिन कुमार खाती | सदस्य |
| १४. श्री सुरेश कुमार श्रेष्ठ | सचिव |

सहजकर्ता:

१५. श्री रविन्द्र कुरेल - प्रशासन शाखा

१६. श्री सर्मिला थिङ - कार्यालय सहयोगी

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८२/०८३ को सोह्रौं कार्यपालिका बैठक

१० जेठ २०८३

ने.स. ११४६ अनलाथ्व ८ आइतबार

| क्र. सं. | प्रस्तावहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्ला कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा। | यस सम्बन्धमा विस्तृत छलफल गर्दा अघिल्ला गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समीक्षा गर्दै निर्णय कार्यान्वयनलाई अझ प्रभावकारी, कानूनसम्मत र समयमा क्रमशः कार्यान्वयन गर्ने निर्णय गरियो। |
| २ | योजना अनुगमन र भुक्तानी सम्बन्धमा। | यस चालु आर्थिक वर्ष २०८२/०८३ मा सम्झौता भई कार्यान्वयनमा रहेका र कार्यसम्पन्न भएका तपसिलका योजनाहरुको अनुगमन समितिबाट अनुगमन गरी भुक्तानी दिने ।<br>तपसिलः<br>१. घराङकोट बाटो ट्र्यक ओपन सुनापति ५ रु. १ लाख ५० हजार।<br>२. नाककाटे डाँडा करमडाँडा सडक स्तरोन्नति रु. ४ लाख।<br>३. लिङ्गेडाँडा कालीमर्याङ खानेपानी योजना रु. १ लाख ५० हजार।<br>४. देशार गाउँघट्टेखोला खानीगाउँ सडक ट्र्याक ओपन रु. ७ लाख।<br>५. हात्तीखोला कपेस्वरी मन्दिर निर्माण योजना रु. ३ लाख।<br>६. आदर्शटोल सामुदायिक भवन निर्माण रु. ५ लाख।<br>७. बागखोर डाँडा सामुदायिक भवन प्लाष्टर कोरा मसिनो रंगरोगन शौचालय निर्माण रु. ५ लाख।<br>८. सुकरानी खोला जाली वाल निर्माण योजना रु. ६ लाख।<br>९. दिमी मन्दर खानेपानी मर्मत रु. ५ लाख। |
| ३ | आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमको मस्यौदा स्वीकृत कार्यतालिका बमोजिम नीति तथा कार्यक्रम लेखन समितिमार्फत तयार गरी आगामी कार्यापलिका बैठकमा छलफलको लागि पेश गर्ने। |
| ४ | आगामी आ.व. २०८३/०८४ को बजेट तर्जुमा सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रमको विनियोजन विधेयक, २०८३ सहितको बजेटको मस्यौदा स्वीकृत कार्यतालिका बमोजिम बजेट तथा कार्यक्रम लेखन समितिमार्फत तयार गरी आगामी कार्यापलिका वैठकमा छलफलको लागि पेश गर्ने। |
| ५ | गणतन्त्र दिवस मनाउने सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा नेपाल सरकार गृह मन्त्रालयको पत्र र जिल्ला प्रशासन कार्यालय रामेछापको निर्णय सहितको पत्रानुसार गणतन्त्र दिवस २०८३ जेठ १५ मनाउनको लागि यस सुनापति गाउँपालिकाको अध्यक्ष श्री ठुलोकान्छा तामाङको संयोजकत्वमा र तपसिलको पदाधिकारीहरु सदस्य रहने गरी सुनापति गाउँपालिका गणतन्त्र दिवस समारोह समिति, २०८३ गठन गरी यस |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | |
|---|---|---|
| | | गाउँपालिकाको सबै सरकारी निकाय, प्रतिष्ठान, संघ-संस्थाका छत, बरण्डा र कार्यालय परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दीप प्रज्ज्वलन गर्ने।<br>तपसिलः<br>संयोजकः अध्यक्ष श्री ठुलोकान्छा तामाङ<br>सदस्यः उपाध्यक्ष श्री गिता विष्ट<br>सदस्यः प्रमुख प्रशासकीय अधिकृत श्री सुरेश कुमार श्रेष्ठ<br>सदस्यः वडा नं. १ अध्यक्ष श्री ध्रुव प्रसाद चौलागाई<br>सदस्यः वडा नं. २ अध्यक्ष श्री पदम बहादुर थापा<br>सदस्यः वडा नं. ३ अध्यक्ष श्री कुल बहादुर थिङ<br>सदस्यः वडा नं. ४ अध्यक्ष श्री डण्डुप लामा<br>सदस्यः वडा नं. ५ अध्यक्ष श्री चित्र बहादुर मानन्धर<br>सदस्यः शिक्षा शाखा प्रमुख श्री कमल बहादुर बम<br>सदस्यः जिन्सी शाखा प्रमुख श्री देव शंकर यादव<br>सदस्यः रोजगार संयोजक श्री कर्ण वि.क.<br>सदस्यः सामी कार्यक्रम सहजकर्ता श्री सिता मोक्तान<br>सदस्य सचिवः प्रशासन शाखा श्री रविन्द्र कुरेल। |
| ६ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गतको वजेट कार्यान्वयन सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट सुनापति गाउँपालिकाको सुनापति आधारभूत अस्पताल सञ्चालनको लागि प्राप्त रु.४६ लाख ६० हजारबाट सुनापति आधारभूत अस्पतालमा अतिआवश्यक देहायको कार्यहरु गर्न सो बजेट खर्च गर्नेः<br>तपसिलः<br>१. सफ्टवेयर व्यवस्थापनः रु.१० लाख।<br>२. अर्थिङ्ग व्यवस्थापनः रु. २ लाख।<br>३. विद्युत तार व्यवस्थापन तथा विद्युतिकरणः रु. १० लाख।<br>४. सोलार ब्याट्री व्यवस्थापन रु. ४ लाख।<br>५. फार्मेसी औषधि खरिदः रु. १० लाख।<br>६. फर्मासिस्ट र डेन्टल हाइजेनिस्ट पदपूर्ति र तलब भत्ताः रु.१ लाख।<br>७. डेन्टल सेवा सामग्री व्यवस्थापनः रु. २ लाख।<br>८. इन्सिलेटर निर्माण रु. १ लाख।<br>९. अस्पतालको लागि कम्प्यूटर र बारकोड प्रिन्टर बारकोड रिडर व्यवस्थापन लगायत रु. ४ लाख।<br>१०. तलब भत्ता । |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | |
|---|---|---|
| ७ | गणकको थप जिम्मेवारी र सुविधा सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा गरिब घर परिवार पहिचानको लागि छनौट भएका गणकहरुलाई तपसिलको थप जिम्मेवारी दिने र थप जिम्मेवारी दिए बापत तपसिलको सुविधा थप गर्ने।<br>तपसिलः<br>१. थप जिम्मेवारीको सम्बन्धमा किसान सूचिकरण र बालमैत्री स्थानीय शासन घोषणाको लागि घरधुरी सर्वेक्षणको जिम्मेवारी दिने।<br>२. किसान सूचिकरण गरेबापत प्रतिघर सूचिकरणको रु. ७५ (पचहत्तर) र बालमैत्री स्थानीय शासनको घरधुरी सर्वेक्षण बापत प्रति घर सर्वेक्षण गरेको रु. १०० (एक सय) गरिब घर परिवार पहिचान कार्यक्रमको सेवा सुविधामा थप गरिदिने। |
| ८ | सहजकर्तालाई थप सुविधा सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा बालमैत्री स्थानीय शासन घोषणाको लागि वडाका कर्मचारीहरुलाई सहजकर्ता तोकी थप जिम्मेवारी प्रदान गरेबापत प्रतिमहिना रु. ७ हजार ५ सय र सञ्चार सेवा बापत मासिक रु. ५ सय दिने। |
| १० | सहायता रकम सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा तपसिलको व्यक्तिहरुलाई अस्पतालको कागजात, बिरामीको पारिवारिक अवस्था कमजोर भएका तपसिलको व्यक्तिहरुलाई आर्थिक सहायता कोषबाट तपसिल बमोजिम आर्थिक सहायता प्रदान गर्नेः<br>तपसिलः<br>१. राधा कुमारी खड्का रु. २० हजार।<br>२. अनमाया चौलागाई रु. १० हजार।<br>३. रमेश मानन्धर रु. ५० हजार।<br>४. मेनुका घिमिरे रु. १५ हजार।<br>५. भक्त बहादुर कार्की रु. ३० हजार।<br>६. छेउमाया तामाङ रु. २० हजार।<br>७. अर्जुन राय क्षेत्री रु. २० हजार। |
| ११ | गुन्सी पोखरी निर्माण योजनाको ठेक्का फरफारक गर्ने सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा गुन्सी पोखरी निर्माण योजनाको ठेक्का नं.SUF/W/NC8/03/2080/81 "Procurement of Gunsi Chaur Pokhari Dharo/Mandir/Sadak/Paryawaran samrakshyan Sunapati 01" सम्झौता सुनापति गाउँकार्यपालिकाको कार्यालय र निर्माण कम्पनी दुवै पक्षको सुविधाको आधारमा निर्माण कम्पनीको सहमति अनुसार हाल सम्म भएको कार्यस्वीकार गर्ने र प्राविधिक मूल्यांकन प्रतिवेदनको आधारमा भुक्तानी दिई ठेक्का टुङ्ग्याउने एवं फरफारक गर्ने। |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८२/०८३ को सोह्रौं कार्यपालिका बैठक — १० जेठ २०८३

नेस. ११४६ अनलाथ्व ८ आइतबार

| | | |
|---|---|---|
| १२ | सुनापति पर्यटकीय क्षेत्र निर्माण आयोजनाको ठेक्का फरफारक गर्ने सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा यस सुनापति गाउँपालिकाको १०८ लहरेमाने र सुनापति डाँडा क्षेत्रमा पर्यटन व्यवस्थापन र प्रवर्द्धनको लागि सुनापति पर्यटन क्षेत्र निर्माण आयोजनाको ठेक्का नं. SUN/W/NCB/09/2077/078 को Construction of Sunapati Paryatakiya Chhetra को हालसम्मको कार्य स्वीकार गरी कार्यालय र निर्माण कम्पनी दुवै पक्षको सुविधाको आधारमा प्राविधिक मूल्यांकन प्रतिवेदनको आधारमा भुक्तानी दिई ठेक्का अन्त्य गरी फरफारक गर्ने। |
| १३ | प्रतिवेदन स्वीकृत गरी भुक्तानी दिने सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा सेवा परामर्श खरिद प्रक्रियाबाट कार्यान्वयन गरिएका तपसिल बमोजिमको अन्तिम IEE प्रतिवेदन र विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत गरी विनियोजित बजेट बमोजिम पेश भएको भ्याट बील अनुसार भुक्तानी दिने।<br>तपसिल:<br>१. दर्शन बिल्डर्स एण्ड डेभलपर्स प्रा.लि., नागर्जुन, काठमाडौंले पेश गरेको Report preparation on Detail Project Report of Road along with Initial Environment Examination from Sunapati Danda Laharemane Marin Danda Khandadevi Temple.<br>२. इभरिन कन्सल्ट प्रा.लि. तुल्सीपुर, दाङले पेश गरेको Preparation of Report on Detail Project Report of Viewtower.<br>३. क्लक कन्सल्ट प्रा.लि. तुल्सीपुर, दाङले पेश गरेको Preparation of Detail Project Report on Zipline along with Initial Environment Examination from Sunapati Danda to Picnic Park. |
| १४ | तलबी अध्ययन विदा स्वीकृत गर्ने निर्णय रद्द गर्ने सम्बन्धमा। | यस सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकामा कार्यरत सि.अ.न.मी., पाँचौं तहका कर्मचारी द्वय श्री लक्ष्मी पाठक र सपना परियार तथा हे.अ., पाँचौं तहका कर्मचारी श्री सलिना पौडेलको यस गाउँ कार्यपालिकाको मिति क्रमश : २०८१/०९/२०, २०८१/१०/१३ र २०८१/१०/१२ को निर्णयबाट तलबी अध्ययन विदा स्वीकृत गरिएकोमा सो निर्णय बागमती प्रदेश 'स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०७९' को दफा ५९(१) को मर्म विपरित भएको ठहर गरी रद्द गर्ने निर्णय गरियो । साथै निजहरुलाई सोहि ऐनको दफा ५९(५) र ५९(६) बमोजिम ऐ ऐ अवधिको वेतलबी अध्ययन विदा स्वीकृत गरी अध्ययन पश्चात सेवाको कबुलियतनामा समेत रद्द गर्ने निर्णय गरियो र विदा शुरु भए देखि हालसम्म भुक्तानी दिएको तलब भत्ता निजहरुबाट सरकारी बाँकी सरह असुल उपर गर्ने निर्णय गरियो । |
| १५ | करार सेवामा पदपूर्ति गर्ने सम्बन्धमा। | यस गाउँपालिकाको 'आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि २०८१'को दफा १३(६) बमोजिम दरवन्दी संरचना कायम रहेको तर हालसम्म पदपूर्ति हुन नसकेको पदहरु मध्ये सुनापति आधारभूत अस्पताल संचालन तथा |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत